लैंगिक हिंसाबाट सचेत बनौं

**शारीरिक हिंसाः**
- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

**मानसिक हिंसाः**
- गाली गलौज गर्ने, अपमानित गर्ने, ड्र धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

**यौनजन्य हिंसाः**
- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने, यस्ता कार्य लैंगिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय
# सहारा
दैनिक

राष्ट्रिय सहारा दैनिक पत्रिका अब अनलाईनमा पनि
www.rastriyasaharadaily.com

वर्ष २२ अंक ८२ २०८१ मंसिर २४ गते सोमवार (2024 Dec. 09 Monday) मुल्य रू. ५।- पृष्ठ संख्या ४

## आर्थिक सुधार सुझाव आयोगद्वारा उद्योगी-व्यवसायीसँग सुझाव संकलन

**सहारा संवाददाता**
**वीरगंज, २३ मंसिर।**

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले वीरगंजका उद्योगी व्यवसायीसँग छलफल गरेको छ।

आयोगले अर्थतन्त्र सुधारका लागि सुझाव सङ्कलन गर्ने क्रममा आइतवार यहाँका उद्योगी व्यवसायीहरुसँग छलफल गरेको हो।

आयोगले आयोजना गरेको छलफल तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी तथा व्यवसायीको सुझाव लिइएको छ।

कार्यक्रममा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका संयोजक रामेश्वर खनालले अहिलेको अर्थतन्त्रमा देखिएका समस्याहरूको पहिचान गरेर सुधार गर्नका लागि सुझाव सङ्कलनको कार्य गरिरहेको बताउनुभयो।

उहाँले आयोगको गठन भएपछि यहाँका उद्योगी-व्यवसायीले भोगिरहेका समस्याका विषयमा आवश्यक सुझाव लिनका लागि आएको बताउँदै यहाँका उद्योगी व्यवसायीले दिएको सुझावलाई प्रतिवेदनमा समावेश गरेर सुधारको आवश्यक रणनीति अघि बढ्ने भन्नुभयो।



तस्वीरः सौजन्य

पूर्व अर्थसचिव समेत रहनुभएका खनालले नेपालले २०४८ सालपछि एक पटक आर्थिक सुधारमा निकै राम्रो फड्को मारेको बताउनुभयो।

उहाँले विसं २०४७ सालमा प्रजातन्त्र पुनःस्थापना भएसँगै नेपालको अर्थतन्त्रले फड्को मारेको भन्दै उहाँले अर्थतन्त्रका देखिएका समस्यालाई मध्यनजर गर्दै समाधान गर्नका लागि सुझाव सङ्कलन कार्यक्रमले ठूलो अर्थ राख्ने बताउनुभयो।

सो अवसरमा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले आर्थिक मन्दीको कारण मुलुकको अर्थतन्त्रमा समस्या आएकाले उद्योगी व्यवसायी धरासायी हुने अवस्थामा पुगेको गुनासो व्यक्त गर्नुभयो।

उहाँले भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी)लागू गरेपनि नेपाल सरकारले मान्यता नदिँदा उद्योगी व्यवसायी मर्कामा परेको गुनासो गर्नुभयो।

उहाँले नेपाल-भारत खुला सीमाक्षेत्रको कारणले अवैध व्यापार रोकिएको छैन। त्यसलाई नीतिगत रूपमा सुधार गर्न आवश्यक रहेको सुझाव दिनुभयो।

मन्त्रिपरिषद्को गत असोजमा बसेको बैठकले पूर्व अर्थसचिव खनालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरेको थियो। आयोगका सदस्यमा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा. डा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र

*बाँकी तेश्रो पृष्ठमा*

## लामिछानेलाई चार दिन हिरासतमा राख्न अनुमति

**गण्डकी, २३ मंसिर (रासस)**

सहकारी ठगी एवम् सङ्गठित अपराधसम्बन्धी अनुसन्धानका क्रममा कास्की प्रहरीको हिरासतमा रहनुभएका पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

म्याद थपका लागि लामिछानेलाई आज कास्की जिल्ला अदालतमा उपस्थित गराइएकोमा न्यायाधीश हिमलाल बेलबासेको इजलासले चार दिन म्याद थप्ने अनुमति दिएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो।

गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ गरी पोखरा ल्याइनुभएका लामिछाने त्यस यता प्रहरी हिरासतमा हुनुहुन्छ। उहाँलाई त्यसपछि उहाँलाई अनुसन्धानकै क्रममा रूपन्देही, काठमाडौं र चितवन समेत लगेर बयान लिइएको थियो।

## खाद्य प्रविधि विभागको मोबाइल खाद्य प्रयोगशालाद्वारा गढीमाई मेलामा बेच्न राखिएको खाद्यान्नको परीक्षण

**सहारा संवाददाता**
**वीरगंज, २३ मंसिर।**

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको र्‍यापिड रेसपोन्स टिमले मोबाइल खाद्य प्रयोगशाला भ्यान प्रयोग गरी बाराको गढीमाई मेलाको खाद्य वस्तुको परीक्षण शुरु गरेको छ।

टीमले १३८ वटा खाद्यान्न वस्तुको नमुनाहरूको स्थलगत प्रयोगशाला परीक्षण चेकजाँच गरिएको छ। चेकजाँचका क्रममा कैफियत पाइएका तेल, रंगिन मिठाई र कटन क्याण्डी नष्ट गरी कारबाही गरिएको विभागले जनाएको छ।

सो मेलामा उपस्थित उपभोक्ता तथा बिक्रेता समेतलाई खाद्य स्वच्छतावारे जानकारी एवं सचेतना अभिवृद्धि गर्ने उद्देश्यले निरीक्षण अनुगमन गरिएको हो। मेला महोत्सवहरूमा बिक्री वितरण हुने खाद्य पदार्थहरूमा अत्यधिक रंगको प्रयोग, उपभोग्य अवधि समाप्त भएका खाद्य वस्तुहरूको बिक्री वितरण, खाद्य वस्तुहरू तार्न एउटै तेलको वारम्वार प्रयोग, लेखिएको मसी भएको कागजमा खाद्य पदार्थहरूको प्याकिङ, अखाद्य रंगहरूको प्रयोग, खाद्य वस्तुहरूको उचित तापक्रममा भण्डारणको अभाव, खाद्य वस्तुहरू तयार गर्दा सरसफाइको कमी जस्ता समस्याहरू देखिने गरेको विभागले जनाएको छ।



तस्वीरः राष्ट्रिय सहारा

जसबाट उपभोक्ता स्वास्थ्यमा असर पर्न सक्ने तथा खाद्य स्वच्छता कायम हुन नसक्ने हुँदा यस्ता मेला महोत्सवहरूमा अनुगमन तथा उपभोक्ता सचेतना कार्यहरू विभागले गर्दै आएको छ।

## अयोध्याको टोली वीरगंज आइपुग्यो

**सहारा संवाददाता**
**वीरगंज, २३ मंसिर।**

विवाह पञ्चमी समापन भएपछि भारतको अयोध्याको टोली आइतवार वीरगंज आइपुगेको छ। आइतवार वीरगंजमै बास बस्ने र सोमवार बिहान भारतको रक्सौल हुँदै अयोध्या प्रस्थान गर्ने अयोध्याको टोलीले जनाएको छ। आइतवार साँझ टोलीको वीरगंजमा धूमधामका साथ स्वागत गरिएको थियो।

यसैगरी वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले भारत उत्तर प्रदेश राज्यको अयोध्या नगर निगमका मेयर गिरिषपति त्रिपाठी, उनकी पत्नी र अन्य सहकर्मीहरूको टोलीलाई स्वागत गरेका छन्। सो अवसरमा नगरप्रमुख सिंहले वीरगंजका विभिन्न धार्मिक र सांस्कृतिक स्थलहरूको अवलोकन गराएका थिए।


तस्वीरः राष्ट्रिय सहारा

अयोध्याका मेयर त्रिपाठी नेतृत्वको टोलीलाई मेयर सिंहले वीरगञ्जको रामजानकी मन्दिर, गीता मन्दिर, घडिअर्वा पोखरी लगायतका धार्मिक स्थलहरूको भ्रमण गरेका थिए।

## वीगंज महानगरपालिकाद्धारा जनहितमा जारी सन्देश

- गर्मीयाममा आगलागीका घटनाहरु धेरै हुने हुदाँ आगोको प्रयोगमा होसियारी अपनाऔं।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामाग्री केटाकेटीले भेट्ने गरी नराखौं।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निर्क्यौल गरौं।
- जथाभावी चुरोट, विडिका ठूटा ननिभाई नफ्याकौं।
- विद्युतबाट आगो लागेको शक्ता लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं।

आफ्नो घर टोलमा आगलागीको घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको बारुण यन्त्रको सम्पर्क नम्बर ०५१-४१८००० मा खबर गरौं।

बीरगंज महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय

## गिजर र हिटरको प्रयोगमा सावधानी नअपनाउँदा जानसक्छ ज्यान

**बुनु थारू**
**काठमाडौं, २३ मंसिर (रासस):**

काठमाडौंकि एक २३ वर्षीय युवती ग्याँस गिजरको प्रयोग गरेर बाथरूममा नुहाउँदै हुनुहुनथ्यो। बाथरूम छिरेको दुई घण्टासम्म पनि बाहिर ननिस्किएपछि दिदीले ढोका फोडेर हेर्दा उहाँ बेहोसी अवस्थामा भेटिनुभयो। उहाँलाई तुरून्त महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालको आकस्मिक कक्षमा पुऱ्याइयो।

उपचारमा संलग्न अस्पतालका छाती रोग विशेषज्ञ डा निरज बमका अनुसार उहाँलाई 'हाइफ्लो अक्सिजन'मा राखियो। दोस्रो दिनमा बल्ल राम्रोसँग होस आएपछि चार दिनपछि 'डिस्चार्ज' गरियो। डा बम भन्नुहुन्छ, "बिरामी समयमै अस्पताल ल्याइएकाले केही हुन पाएन। लामो समयसम्म उद्धार नभएको भए बिरामीको मृत्यु पनि हुनसक्थ्यो।"

जाडोयाममा पानी तताउन गिजरको प्रयोगबाट निस्सासिएर बेहोस भएको, झ्याल ढोका थुनेर कोइला बालेर सुत्दा मृत्यु भएको, आगलागीको घटनाजस्ता अप्रिय घटनाहरू बर्सेनि दोहोरिने गरेका छन्। मंसिरको अन्त्यसम्म चिसोको आभास हुन थालिसकेको छ। शरीर वा कोठालाई



न्यानो बनाइराख्न आगो ताप्ने, कोइला तथा हिटर बाल्ने तथा पानी तताउन गिजरको प्रयोग गर्ने गरिन्छ। यी सबैको प्रयोग गर्ने क्रममा सावधानी नपनाउँदा मृत्युको मुखमा समेत पुग्नसक्ने सम्भावना रहने भएकाले सावधानी अपनाउन चिकित्सकको सुझाव छ।

डा बम भन्नुहुन्छ, "जाडोमा मकल बाल्ने, हिटर बाल्ने, दाउरा बालेर कोठा र शरीर न्यानो बनाउने कुरा स्वाभाविक हुन्। न्यानो बनाउँदा भने झ्याल, ढोका र पर्दा सबै बन्द गर्नुहुन्न। भेन्टिलेसन खुला राख्नुपर्छ। बाथरूममा नुहाउँदा भेन्टिलेसन सधैं खुला राख्नुपर्छ ताकि कार्बीन मोनोअक्साइड कोठाभित्र गुम्सेर नबसोस् र यसले पोइजनिङको अवस्था नलिएर आओस्।"

झ्याल र ढोका बन्दा हुँदा कोठा गुम्सिएर कार्बीन मोनोअक्साइड विषालु ग्याँस पनि उत्पन्न हुन्छ। डा बमका अनुसार कोठाको झ्याल र ढोका बन्द गर्दा कार्बीन मोनोअक्साइड अत्यधिकमात्रामा उत्पन्न गराइदिन्छ र कोठामा भएको अक्सिजनलाई प्रतिस्थापन गरिदिन्छ।

"कोठा गुम्सिएर कार्बीन मोनोअक्साइड हाम्रो शरीरभित्र

*बाँकी तेश्रो पृष्ठमा*

**राष्ट्रिय सहारा दैनिकका लागि**
प्रकाशक/कार्यकारी सम्पादक
चन्द्रभुषण साह
(९८४५०४१००२,९८१५२७६९९९)

सम्पादक : नवीन अधिकारी, वृजलाल पासवान

*कानुनी सल्लाहकार*
सुरेन्द्रप्रसाद कुर्मी

बजार व्यवस्थापक :
कपिल डंगोल
(मो.९८१६२२४४०१)

कार्यालय : वीरगंज-१६ बाईपास सडक (बैष्णोदेवी मन्दिरको (पुर्व तर्फ) गणेश टोल
मुद्रक:- सहारा अफसेट प्रेस वीरगंज-१६ वाईपास (गणेशटोल)
ईमेल:– sahara.patrika@gmail.com

# धर्म, कमाई र मनोरञ्जनका प्रतीक–गढीमाई मेला

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक अधिराज्य हो। नेपाली सांस्कृतिक विविधताभित्र भोजपुरी संस्कृतिको आफ्नै पहिचान र महत्त्व छ। त्यसमा पनि प्राचीन रूपमा सम्पन्न विविध लोकनृत्य, चाडपर्व र मेला जात्राका कारण भोजपुरी संस्कृति आफैँमा गरिमापूर्ण छ। होली, दुर्गापूजा, दिपावली, छठलगायतका विभिन्न सामाजिक चाडपर्व र मेला जात्राले भोजपुरी संस्कृतिको सहीष्णुतापूर्ण इतिहासलाई झनै समृद्धशाली बनाएको छ। यस क्षेत्रमा मनाइने विविध मेला जात्रामध्ये सदा झैं आपसी सामञ्जस्य र सद्भाव, मेलमिलाप र सौहार्दता तथा खुसी र मनोरञ्जनको पर्व आएको छ–गढीमाई मेला।

गढीमाई मेला भोजपुरी क्षेत्र अर्थात तराई–मधेसकै एक प्राचीन सांस्कृतिक र धार्मिक सम्पदा हुन्। यहाँ प्रत्येक पाँच वर्षमा नेपाल र छिमेकी मुलुक भारतका १० हजारको हाराहारीमा राँगा सयौंको संख्इामा बोका, हाँस, परेवाको बलि दिइएको थियो।

गढीमाईको महिमाको रूपमा लिने गर्छन्। बलि दिएको राँगाको टाउकालाई ब्रह्मस्थान नजिकैको चौरमा खाल्डो खनी गाडिन्छ। मेलामा ज्यादै घुइँचोले गर्दा कलैयाबाट बरियारपुर जाने बाटोमा पर्ने पसाहा नदी पार गर्नासाथ बलि दिन थालिन्छ।

**विचार**



**- शीतलप्रसाद महतो**

> “बरियापुर नजिकका झण्डै आधादर्जन बढी गाउँमा गाउँलेहरूले मेहमानीका लागि मेला शुरू हुनुभन्दाअघिदेखि नै चामल, दाल र ओढ्ने ओछ्याउने कपडालगायतका बन्दोबस्तीका सामानहरू जोहो गरेर राखेका हुन्छन्। धर्म, कमाई र मनोरञ्जनका हिसाबले सर्वाधिक प्रख्यात यो पौराणिक मेलामा पहाडी र मधेसी समुदायको वास्तविक झझल्को पाइन्छ। यस अर्थमा गढीमाईको मेला सद्भावको मेला पनि हो।”

लाखौं हिन्दू धर्मावलम्बी भक्तजनको भीड हुन्छन्। आफ्नो मनोकामना पूरा हुने इच्छा र विश्वासका साथ माईको दर्शनका लागि आउने श्रद्धालु भक्तजनको वीरगंजदेखि नै सडकमा लर्को देखिन्छ। मंसिर शुल्क सप्तमीको मध्यरातिमा सबैभन्दा पहिले गढीमाई मन्दिरका मूल पुजारी मङ्गल चौधरीले लिपपोत गरेर विधिवत रूपमा पूजाआर्चना गरी गढीमाईलाई रिझाउँछन्, अनि माईको मूर्तिमा पाँच वर्षसम्मको पूजाआर्चना एकैपटक गर्छन्। पुजाका लागि प्रत्येक वर्ष गाउँभरिमा नै सबैभन्दा पहिले लगाएको धानबालीबाट प्राप्त धानलाई शुद्धताका साथ राखेर गढीमाईको मेला परेको वर्षमा त्यस धानलाई कुटेर निकालिएको चामलको खिर बनाई प्रसादस्वरूप माईलाई अपर्ण गरिन्छ र त्यसपछि दुईवटा हाँसको अण्डालाई बलि दिएर पूजाअर्चना गरेपछि मात्र मूल पुजारीले तान्त्रिक विधिअनसार पुजा शुरू गर्ने गर्छन्।

मूल पुजारीले तान्त्रिक विधिअनुसार माईको पूजाआर्चना गरेपछि गाढीमाईको पुजाका लागि राखिएको दियो (बत्ती) आफैँ बल्छ र त्यसपछि मूल पुजारीले आफ्नो शरिरको महत्त्वपूर्ण पाँच अङ्ग जस्तै निधार, आँखाको माथिको भाग, जिब्रो, छाती र दाहिने तिघ्राको रगत दिई नरबलिको परम्परालाई कायम राखेको स्थानीय बासिन्दाहरूको भनाइ छ। मूल पुजारीले पूजा सम्पन्न गरेपछि कुभिण्डो र सेतो मुसाको बलि दिन्छन्। माईको प्रतापले बत्ती आफैँ बल्छ र सेतो मुसो पनि कर्तबाट आइपुग्छ भन्ने जनधारणा रहे पनि अचेल सेतो मुसा जङ्गलबाट समातेर ल्याउने गरिन्छ। त्यसपछि बोका, सुँगुर, राँगा र हाँसको बलि दिने गरिन्छ।

पञ्चवलि दिइसकेपछि मात्र श्रद्धालुलाई बलि चढाउने अनुरोध गर्ने प्रचलन रहेको छ। यो मेलाको विशेषता नै बत्ती आफैँ बलेपछि बलि दिन शुरू गरिन्छ र बत्ती निभेपछि बलि दिन बन्द गरिन्छ। त्यसबेलासम्म बलिदिन नसकेका राँगाहरूको कान काटेर छाड्ने प्रचलन पनि रहेको छ। यो मेलामा बनारस (भारत) का डुमराजाको राँगो बलिका लागि ल्याउने गरिन्छ, जुन सबैका लागि आकर्षणका केन्द्र हुने गर्दछ। गढीमाईको मूल मन्दिरमा बलि नदिएर त्यसलाई नजिकै अर्थात करिब ७५ मिटर पूर्व रहेको ब्रह्मस्थानमा राखिएको लिङ्गोमा बलि दिइन्छ। राँगाको बलि चाहिँ सप्तमीका दिन मात्र दिइन्छ भने बोका र अन्य पशुपंक्षीको बलि अष्टमीदेखि त्रयोदशीसम्म दिइने गरिन्छ। राँगा बलिका लागि दुई बिघा क्षेत्रफलमा फैलिएको बधशालाभित्र साढे दुई सय मार हान्नेलाई मेला मूल समितिबाट अनुमतिपत्र दिइएको छ। बधशालाको पर्खाल १२ फिट उचाइमा बनाइएको छ। अघिल्लोपटक

मेलाका अवसरमा भाकल गरिएका बलि दिन नसक्नेले मकर सङ्क्रान्ति र फागुको दिन पनि बलि दिन सक्छन्। पहिले पूजाका क्रममा गढीमाई मन्दिरको वर्गाकार परिधिलाई मन्त्रद्वारा अक्षता छरेर मूल पुजारीद्वारा घेराबन्दी गरिन्छ। यसो गर्नुको उद्देश्य मेलामा कुनै प्रकारको अनिष्ट हुन नपाओस् भन्ने हो। नेपाल–भारतको विभिन्न भाग र ठाउँबाट श्रद्धालु भक्तजन गढीमाईको शुभदर्शन र भाकलको राँगा एवं बोका चढाउन आउँछन्। नेपाल र भारतबीचमा सदिऔंदेखिको सांस्कृतिक, धार्मिक र सामाजिक सम्बन्धलाई अझ सुदृढ तुल्याउनमा यस मेलाले एउटा सांस्कृतिक सेतुको काम गरेको छ।

मेलामा बलि चढाउँदा मनोकामना पूरा हुने जनविश्वास रहेको छ। मन्दिर नजिकै रहेको पोखरीमा नुहाइधुवाई गरी चोखो भएर श्रद्धालु भक्तजनहरूले गढीमाईको जय भन्दै मन्दिरमा प्रवेश गर्छन् र माईको दर्शन एवं पूजा अर्चना गर्ने गर्छन्। आज आइतवारदेखि मेलामा दिइने बलि र गढीमाई दर्शनका लागि दर्शनार्थीको ओइरो, रङ्गीचङ्गी सजावट, विभिन्न प्रदर्शनी, खेल तमासाका मनोरञ्जनात्मक दृश्य र व्यापारले मेलाको रौनक बढाएको छ। यस क्षेत्रका सर्वसाधारणले यो मेलालाई उत्सवका रूपमा मनाइरहेका छन्। सडक र मेलामा भीड बढेको छ। शक्तिपीठ गढीमाईप्रति आस्था राख्ने देश विदेशका दर्शनार्थी मेला भर्न आउने गरेकाले भीड व्यवस्थापनका लागि मेला मूल व्यवस्थापन समितिको आग्रहमा जिल्लाका अधिकांश विद्यालयको पठनपाठन शुक्रवारदेखि पाँच दिनका लागि बन्द गरिएको छ। यसैगरी मधेस प्रदेश सरकारले बलिका दिन प्रदेशभरि बिदा दिएको छ। यस मेलामा आउने दर्शनार्थीको सुविधाका लागि सडक, सुरक्षा, ट्राफिक, पानी, बत्ती र सञ्चारलगायतका विविध सुविधा पर्याप्त मात्रामा मिलाइएको छ।

वीरगंजबाट १७ किलोमिटर पूर्व र बारा जिल्लाका सदरमुकाम कलैयावाट करीब सात किलोमिटर टाढा पसाहाखोला नजिक अवस्थित गढीमाईमा यो मेला लागेको छ। पशुपंक्षीको बलिको हिसाबले यो मेला एशियाको सबैभन्दा बढी बलि दिइने शक्ति पीठको रूपमा बिख्यात छ।

अघिल्लोपटक ९० लाखभन्दा बढी दर्शनार्थीले गढीमाईको पुजाअर्चना र दर्शन गरेको तथ्याक छ। यस वर्ष करिब एक करोड मानिस मेला हेर्न आउने तथा ७० हजारभन्दा बढी पशुपंक्षीको बलि चढ्ने अनुमान मेला मूल आयोजक समितिले गरेको छ। गढीमाईमा हजारौं पशुपक्षीको बलि चढाइए पनि त्यहाँ झिँगा भने देखिँदैन। यसलाई श्रद्धालु भक्तजनले

यो मेलाको अर्को महत्त्वपूर्ण पक्ष भनेको मनोरन्जन पनि हो। ग्रामीण समुदायका लागि मनोरन्जन प्रदान गर्ने यो मेला एउटा सशक्त माध्यम बनेको छ। मेला अवधिभर विभिन्न थरीका पिङ (झुला), मौतका कुवा, सर्कस आदि मनोरञ्जनका साधन राखिएका छन् भने रातिको समयमा नाच र नौटङ्की हेरेर मनोरञ्जन गरिन्छ। बैष्णोदेवी मन्दिरले यसपालि मेलालाई थप आकर्षण बनाएको छ। मेलामा दुई वटा स्थानमा काठ र बाँसबाट वैष्णोदेवीको भव्य मन्दिरको निर्माण गरिएको छ। लाखौं मानिस भेला हुने भएकाले यो मेलामा व्यापारिक कारोवार पनि राम्रै हुन्छ। आवश्यक पर्ने घरायसी सामानहरूको खरिद गर्न किसानहरूले मंसिरमा भित्र्याइएको धान बेचेर पैसाका जोहो गरेका हुन्छन्।

जाडोयाममा लाग्ने यो मेलामा विशेषगरी पहाडबाट ल्याइएका सुन्तला, जडिवुटी, कम्बल, तेजपात, पहाडी फलफूलहरू, खुकुरी, घीउ र महजस्ता सामानहरू तराई वा भारतीय ग्राहकहरूले किनेर जैजान्छन् भने पहाडका ग्राहकले कपडा, फलामका सामान, भाँडाकुँडा र मसाला किन्छन्। कस्मेटिक्स र सस्ता गरगहनालगायतका सामानहरू बेच्ने पसलहरूमा महिलाको भिडभाड देखिन्छ। दही, च्यूरा, जेरीपुरी र मिठाइ बेच्ने पसलहरूलाई पनि भ्याइनभ्याइ हुन्छ।

गढीमाई मेला आफ्नो इष्टमित्र र नातागोतासँग मिल्ने तथा भेटघाट गर्ने अवसर पनि हो। मेला लाग्ने आसपासका गाउँ र शहरका घरघरमा पाहुना भरिभराउ छन्। वीरगंज, कलैयालगायत वरिपरिका गाविसहरूमा टाढाटाढाबाट मेला हेर्न आएका आफन्तहरू दुई/चार दिन बस्ने गर्दछन्, जसलाई मेहमानी भन्ने गरिन्छ। बरियापुर नजिकका झण्डै आधादर्जन बढी गाउँमा गाउँलेहरूले मेहमानीका लागि मेला शुरू हुनुभन्दाअघिदेखि नै चामल, दाल र ओढ्ने ओछ्याउने कपडालगायतका बन्दोबस्तीका सामानहरू जोहो गरेर राखेका हुन्छन्।

धर्म, कमाई र मनोरञ्जनका हिसाबले सर्वाधिक प्रख्यात यो पौराणिक मेलामा पहाडी र मधेसी समुदायको वास्तविक झझल्को पाइन्छ। यस अर्थमा गढीमाईको मेला सद्भावको मेला पनि हो। आत्मीयता, आनन्द र आस्थाको अटुट प्रदर्शनस्थलको रूपमा रहेको यस मेलालाई बढी व्यवस्थित पार्नका लागि सबै पक्षबीच समन्वय, समझदारी र सहकार्य हुनुपर्दछ। रासस

# स्वास्थ्यकर्मीहरुको सुरक्षामा बढ्दो चुनौती

**डा बच्चुकैलाश कैनी**

जहाँ स्वास्थ्यकर्मी हुन्छन्, त्यहाँ स्वास्थ्य संस्था हुन्छ र बिरामी वा सेवाग्राही उपचारका लागि जान्छन्। रोगको परीक्षण, पहिचान, निदान र स्वास्थ्य उपचारका लागि एक अनिवार्य शर्त स्वास्थ्यकर्मीको उपस्थिति हुनु हो। त्यसैले स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थाको मरूदण्ड मात्रै हैनन, मुख्य पात्र र अभिन्न अङ्ग नै हुन्। स्वास्थ्यकर्मीहरू हाम्रो समाज, सेवाग्राही, बिरामी, उनीहरूका परिवार र स्वास्थ्य संस्थाहरूका लागि धेरै अर्थमा नायकहरू हुन्।

हाम्रो समाजका यिनै नायक स्वास्थ्यकर्मीहरू बिरामीको सेवामा अनवरत रूपमा चौबिसै घण्टा खटी हरेक सेवाग्राहीका लागि जस्तोसुकै अवस्थामा पनि सेवा उपलब्ध गराउँदा बिरामी वा बिरामीका आफन्तहरूबाट हिंसाको सिकार हुनु परेको कुरा तथ्यांकले देखाएको छ। यो हाम्रो आजको समाजको तीतो यथार्थ हो।

विश्व स्वास्थ्य सङ्गठनको एक प्रतिवेदनअनुसार स्वास्थ्यकर्मीमाथि हुने हिंसाको दर पेसा, समूह र मुलुकअनुसार कम्तीमा समग्रमा आठ प्रतिशतदेखि बढीमा ३८ प्रतिशतसम्म छ। यसमध्येमा स्वास्थ्यकर्मी माथिको अधिकांश हिंसा बिरामी र बिरामीको आफन्त वा कुरूवाबाट नै हुने गरेको छ। विश्वव्यापी रूपमा गरिएको अर्को एक अध्ययनअनुसार कुनै देशमा ६२ प्रतिशतसम्म स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा हिंसाको अनुभव गरेको कुरा उल्लेख गरिएको छ। यसमध्ये सबैभन्दा बढी गैरशारीरिक हिंसाको रूपमा ५८ प्रतिशतले मौखिक दुर्व्यवहार, ३३ प्रतिशतले धम्की र १२ प्रतिशतले यौन उत्पीडनसम्बन्धी हिंसा भोगेको कुरा प्रतिवेदनमा उल्लेख छ।

नेपालमा पनि कार्यस्थलमा स्वास्थ्यकर्मीविरूद्ध हुने हिंसा एक गम्भीर समस्या बनेको छ। यो समस्या विशेषगरी चिकित्सक र नर्सहरूमा बढी देखिएको छ। सन् २०२३ मा प्रकाशित एक अनुसन्धानका अनुसार काठमाडौंमा ३६९ स्वास्थ्यकर्मीहरूमा गरिएको एक सर्वेक्षण अध्ययनमा ५४ प्रतिशत नर्स र ४५.५ प्रतिशत चिकित्सकले आफ्नो कार्यस्थलमा कुनै न कुनै प्रकारको हिंसा भोगेको कुरा उल्लेख गरेका छन्।

स्वास्थ्यकर्मीमाथि कार्यस्थलमा हुने हिंसाका धेरै कारणहरू छन्। यसमध्ये प्रमुख कारण भनेको सेवाग्राही, बिरामी वा उनीहरूका आफन्तहरू स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुनु हो। बिरामी वा उनीहरूका आफन्तहरूलाई कहिलेकाहीँ स्वास्थ्य सेवा प्राप्त गर्न ढिलाइ भएको हुन सक्छ। त्यस्तै कुनै कारणबस स्वास्थ्यकर्मीबाट उपचारमा त्रुटि हुनसक्छ। यसैको कारण वा अन्य कुनै कारणाले बिरामीको अप्रत्याशित मृत्युपछि बिरामी वा उनीहरूका आफन्तबीच आक्रोश उत्पन्न हुन्छ। फलस्वरूप यी घटनाहरूले वा प्रतिक्रियाहरूले हिंसाको रूप लिन सक्छ।

यसैगरी, स्वास्थ्यकर्मीहरूमा उच्च कार्यभार, स्वास्थ्य संस्थाहरूमा अपर्याप्त स्रोतसाधन र बिरामीको चापका कारण पनि स्वास्थ्य संस्थाहरूमा तनाबको अवस्था सिर्जना हुन सक्छ। यसले हिंसात्मक घटनालाई बढावा दिन सक्छ।

स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा भोग्ने हिंसाले उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। हिंसाका कारण उनीहरूको कामप्रतिको लगाव घट्न सक्छ। यसको प्रत्यक्ष प्रभाव सेवाग्राही वा बिरामीको सेवाको गुणास्तरमा पुग्छ। साथै, स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा भोग्ने हिंसाकै कारण स्वास्थ्यकर्मीहरूमा उच्च तनाब, डिप्रेशन र बर्नआउटको समस्या पनि देखिन सक्छ। यस्ता समस्याले स्वास्थ्यकर्मीहरूलाई नकारात्मक प्रभाव पार्ने नै भयो, त्यसको असरले हाम्रो समाज, स्वास्थ्य प्रणाली र बिरामीहरूमा समेत प्रतिकूल प्रभाव पर्न सक्छ।

धेरैजसो स्वास्थ्यकर्मीहरूले हिंसाका घटनाहरूलाई सम्बन्धीत निकाय र आफ्नै स्वास्थ्य संस्थामा समेत जानकारी गराउँदैनन्। यसका मुख्य कारणहरूमा आफूले हिंसा भोगेको अवस्थामा स्वास्थ्यकर्मीहरूमा आफ्नै स्वास्थ्य संस्थाको व्यवस्थापनले आवश्यक सहयोग गर्छ भन्ने आभास नमिलेको हुन सक्छ। त्यसैगरी, प्रहरी प्रशासन वा न्याय प्रणालीप्रति अविश्वास हुनु र उनीहरूलाई आफ्नै पेशागत प्रतिष्ठामा असर पर्न सक्ने डर हुनु अरू कारणहरू हुन्। यसका साथै कतिपय स्वास्थ्य संस्थाहरूले आफ्नो आन्तारिक सुरक्षा प्रणालीलाई भौतिक वा प्राविधिक रूपमा मजबुत बनाउन सकेका छैनन्। यिनै कारणहरूले गर्दा नेपालमा स्वास्थ्यकर्मीहरूको सुरक्षामा बढ्दो चुनौती थपिएको छ।

नेपालमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसासम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको छ। तरपनि त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। स्वास्थ्य संस्थाहरूमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीउपर हुनुसक्ने आक्रमण रोक्न, स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको तोडफोड वा अन्य कुनै कार्य गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई हानिनोक्सानी पुर्‍याउने व्यक्तितलाई सजाय दिलाउन स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको सुरक्षासम्बन्धी ऐन, २०६६ ल्याइएको छ। तरपनि व्यवहारमा यो ऐन पर्याप्त रूपमा लागू भएको देखिँदैन।

स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सम्बन्धीत सबै सरकारी, स्वास्थ्य संस्था, नियमन निकाय र अन्य सबै पक्षहरू मिलेर बहुआयमिक रूपमा काम गर्नु आवश्यक देखिन्छ। यस मध्ये पहिलो र तत्काल गर्न सकिने काम भनेको हाल बिध्यमान नियम र कानूनको तत्काल अक्षरश कार्यान्वयन गर्नु हो। स्वास्थ्यकर्मीको सुरक्षाका लागि बनेको कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धीत सबै पक्षले उचित ध्यान दिने हो भने यसलाई तत्काल कम गर्न सकिन्छ। यसका लागि स्थानीय प्रशासन, प्रहरी र स्वास्थ्य संस्थाबीच हातेमालो, समन्वय र सहयोगको आवश्यकता छ।

स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई प्रशिक्षण दिएर तथा उनीहरूमा जनचेतना अभिवृद्धि गरेर पनि स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सकिन्छ। यसका लागि स्वास्थ्यकर्मीहरूलाई तना व्यवस्थापन, सञ्चार सीप र आत्मरक्षासम्बन्धी प्रशिक्षण प्रदान गर्न सकिन्छ। साथै, बिरामी र उनीहरूको आफन्तहरूमा पनि स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र सुविधा, त्यहाँ काम गर्ने स्वास्थ्यकर्मीहरू र स्वास्थ्य सेवाको प्रक्रियावारे उचित जानकारी दिन सक्ने हो भने यो समस्या कम गर्न केही हदसम्म सहयोग पुग्छ।

बिरामी र उनीहरूका आफन्तहरू आफैँ तनावमा हुन्छन्। आफैँ आर्थिक, मानसिक र स्वास्थ्य समस्याहरूसँग जुधेका हुन्छन्। कतिपय अवस्थामा स्वास्थ्यकर्मीहरूले बिरामीसँग नम्र बोल्ने, साहनुभूतिपूर्वक शालीन व्यवहार देखाउने र बिरामीलाई पर्याप्त समय दिएर रोग, औषधि, उपचार, यसको प्रभाव आदिवारेमा सबै आवश्यक जानकारी दिने हो भने पनि बिरामी र स्वास्थ्यकर्मीहरूबीचको सम्बन्ध सुमधुर बनाउन सकिन्छ। यसले अवश्य पनि हिंसा रोक्न सहयोग गर्छ।

नेपालका स्वास्थ्य संस्थाहरूमा सुरक्षा व्यवस्थाको सुदृढीकरण गर्नु जरूरी देखिन्छ। कतिपय केन्द्रीय र विशिष्ट प्रकारका सेवा उपलब्ध गराउने निजी एवं अन्य सरकारी स्वास्थ्य संस्थाहरूमा नेपाल प्रहरीले सुरक्षाकर्मी उपलब्ध गराए पनि स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने हिंसा रोक्न पर्याप्त छैन। त्यसैले हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूमा आफैँले पर्याप्त सुरक्षा कर्मचारीको व्यवस्था गर्नुपर्छ। हरेक अस्पताल र स्वास्थ्य संस्थाहरू आधुनिक प्रविधिहरू जस्तै सिसिटिभी क्यामेरा र आपत्कालीन उद्धार प्रणाली वा आपत्कालीन प्रतिक्रिया प्रणालीको स्थापना गर्नु, त्यसको प्रभावकारी निरीक्षण, अनुगमन र कार्यान्वयन गराउनु पनि आवश्यक छ।

स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसाको भौतिक, शारीरिक र मनोवैज्ञानिक पक्ष पनि छ। हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूले हिंसाका घटनामा परेको स्वास्थ्यकर्मीलाई परामर्श र मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनुपर्छ ताकि उनीहरूले मानसिक रूपमा पुनःसक्रियता हासिल गर्नसक्ने बनुन् र पूर्णरूपमा शारीरिक र मानसिक रूपमा स्वस्थ बनून्।

यी सबै कुराहरूको साथसाथै नेपालमा स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसा कम गर्न नीतिगत

*बाँकी तेश्रो पृष्ठमा*



# आर्थिक समाचार

## नेप्से परिसूचकमा १.६७ प्रतिशतको गिरावट

**काठमाडौं, २३ मंसिर (रासस):** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ। आज नेप्से परिसूचक ४५ दशमलव ९३ अङ्कले घटेर दुई हजार छ सय ८९ को बिन्दुमा कायम भएको हो। यो एक दशमलव ६७ प्रतिशतको गिरावट हो।

आज तीन सय २१ कम्पनीको एक करोड ७३ लाख ९२ हजार दुई सय ४४ कित्ता शेयर ८१ हजार चार सय चार पटक खरिदबिक्री हुँदा रू सात अर्ब ४७ करोड तीन लाख पाँच हजार बराबरको कारोवार भएको छ। आजको कारोवारमा दुई सय १४ कम्पनीको शेयर मूल्य घटेको छ। सबै समूहको उपसूचक घटेको छ।

सबैभन्दा बढी जीवन बिमा समूह तीन दशमलव शून्य सात र व्यापार समूह दुई दशमलव १३ प्रतिशतले घटेको छ। बैंकिङ एक दशमलव ८६, विकास बैंक एक दशमलव शून्य चार, वित्त एक दशमलव ८४, होटल तथा पर्यटन एक दशमलव ८४, जलविद्युत एक दशमलव ९८ र लगानी समूह एक दशमलव ३३ प्रतिशतले घटेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ३४, लघुवित्त एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ५९, निर्जीवन बिमा शून्य दशमलव ८३ र अन्य समूह शून्य दशमलव ८१ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।

तीनवटा कम्पनीको शेयर मूल्यमा आज नकारात्मक सर्किट लागेको छ। मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, लाइफ इनस्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड र जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेको हो। खानीखोला हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ।

कारोवार रकमका आधारमा आज सबैभन्दा बढी एनआरएन इनफ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रू ३२ करोड ६४ लाख ६१ हजार पाँच सय ६९ को कारोवार भएको छ।

कारोवार भएका शेयर संख्याका आधारमा लक्ष्मी उन्नति कोषको २० लाख पाँच हजार एक सय कित्ता शेयर किनबेच भएको छ।

## सुन, चाँदी र विदेशी मुद्रासहित तीनजना पक्राउ

**काठमाडौं, २३ मंसिर (रासस):** कैलालीको भजनी नगरपालिका–५ स्थित कौवाखेडा सीमा क्षेत्रबाट रू एक करोडभन्दा बढीको सुन, चाँदी र विदेशी मुद्रासहित तीन जना पक्राउ परेका छन्।

सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाका अनुसार सुर्खेतको चौकुनी गाउँपालिका–१० का ३६ वर्षीय महेन्द्रबहादुर शाही सोही जिल्लाको वीरेन्द्रनगर नगरपालिका–१ का ३१ वर्षीय हर्कबहादुर विक र पञ्चपुरी नगरपालिका–११ का ३२ वर्षीय महेश सुनारलाई गए राति पक्राउ गरिएको हो।

भारतभारतबाट आएका उनीहरूबाट रू ८० लाख ७९ हजार पाँच सय ६१ बराबरको छ सय २० ग्राम सुन, रू १५ लाख २८ हजार चार सय ६० बराबरको आठ किलो नौ सय १४ ग्राम चाँदी, विभिन्न दरका रू छ लाख ११ हजार छ सय २५ भारतीय मुद्रा, साउदी रियाल, विभिन्न किसिमका चार थान मोबाइल सेट र चाँदीका लेप लगाएका भाँडा पनि बरामद भएका छन्।

### तीन छात्रले..........

जोत्न रोटाभेटर जडान गरिएको छ ।

ट्र्याक्टरमा ट्रलीको सामान हाइड्रोलिकको सहायताले खन्याउने सुविधा पनि छ । "रोडाभेटर समेत निकै उच्च गुणस्तरको रहेकाले खेत राम्रोसँग जोत्न मिल्छ", छात्र पल्लव कौशिकले भने, "थोरै खेत भएका साना किसानका लागि जोत्न, गोडमेल गर्न तथा सामान्य बालीनाली खेतबाट बजारसम्म लैजान सुविधा हुन्छ ।"

विज्ञान तथा प्रविधिमा निकै चाख मानेर पढ्ने छात्रहरूको अन्तरनिहीत क्षमता बाहिर ल्याउने उद्देश्यसहित इभी निर्माणमा प्रोत्साहन गरिएको प्रधानाध्यापक पञ्जियारले बताउनुभयो । "सानो हौसलाले उनीहरूले ठूलो क्षमता प्रदर्शन गरेका छन्", उहाँले भन्नुभयो, "राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख वैज्ञानिक महावीर पुनले समेत छात्रलाई सामानसहित लगेर थप स्तरीय बनाउने र व्यावसायिक बनाउने प्रतिबद्धता व्यक्त गरेका छ ।"

छात्रहरूले गत मङ्गलवार र बुधवार बलरा नगरपालिका–४ गडहिया डुमरियामा भएको दुईदिने जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा उक्त ट्र्याक्टर प्रदर्शन गरेका थिए ।

बाँचुन्जेल रक्तदान
मरणोपरान्त नेत्रदान ।
नरसिंहदास बृजलाल गोयल
वेलफेयर सोसाईटी, वीरगंज
फोन नं. ०५१-४१८५२१/४१८४८१

i–Max Computer

Sales, Service &
Maintance
(कम्प्युटर विक्रि तथा
मर्मत केन्द्र)
महाविरस्थान, लाठगल्लि, वीरगंज
फोन नं.:–९८४५०३८५४४, ०५१–५३०८६३

### गिजर र हिटरको ....

फोक्सोको माध्यमबाट श्वास नली हुँदै रगतमा प्रवेश गर्छ । हेमोग्लोबिनसँग मिलेर बनेको अक्सिजनलाई प्रतिस्थापन गरेर कार्बोन मोनोअक्साइड हेमोग्लोबिनसँग बाँधिएर बस्छ। त्यो रगत प्रवाह भएर मष्तिष्कसम्म पुग्छ र काबीन मोनोअक्साइड पोइजनिङ हुन्छ", उहाँ भन्नुहुन्छ।

काबीन मोनोअक्साइड पोइजनिङ हुँदा रिँगटा लाग्ने, चक्कर आउने, बान्ता हुने, आँखा तिरमिराउने जस्ता लक्षणहरू देखिन सक्छन् । अर्धचेत अवस्थामा यी लक्षणहरूलाई अनुभव गर्न नपाइ बेहोसी अवस्थामा बिरामीहरू भेटिने र समयमा उद्धार नगरिएको खण्डमा कतिपयको मृत्यु नै हुने चिकित्सक बताउनुहुन्छ। लामो समय बेहोसी अवस्थामा हुँदा दिमाग सुन्निने, मुटुको चाल बन्द हुने गर्दछ।

छाती रोग विशेषज्ञ डा प्रज्वल श्रेष्ठ भन्नुहुन्छ, "आगो बाल्दा अक्सिजन आवश्यक पर्दछ। आगो बल्दा कोठाभित्र रहेको अक्सिजन खपत हुन्छ । बन्द कोठाभित्र चाहे त्यो बाथरूम होस् वा कोठा अक्सिजनको मात्रा कम हुन्छ र काबीन मोनोअक्साइड ग्याँस पनि उत्पन्न हुन्छ ।" उहाँले कोठा गुम्सिँदा टाउको झुम्म हुने तथा भारी हुने, टाउको दुख्ने अनि बेहोस् हुने खालका लक्षण देखिने गरेको बताउनुहुन्छ।

डा श्रेष्ठ भन्नुहुन्छ, "सामान्य सावधानी अपनाउँदा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ। जाडो महिनामा सकेसम्म घरभित्र बन्द कोठामा आगो र कोइला बाल्नु हुँदैन । पानी तताएर नुहाउँदा पनि बाथरूमको झ्याल ढोका पूर्ण रूपमा बन्द गरेर नुहाउनु हुँदैन।"

विज्ञकाअनुसार जाडो महिनामा विद्युतीय हिटर र 'ब्लोअर'ले सुक्खा हावा फाल्ने हुँदा लामो समयसम्म यसको प्रयोग गर्नुहुन्न। लामो समयसम्म कोठामा हिटर ताप्दा त्यसले घाँटी तथा नाक सुक्खा हुने, घाँटी खसखस हुने खालका लक्षण देखिनसक्छ किनकी प्राकृतिक हावामा आद्रता हुन्छ। जुन हिटर बाल्दा पाइँदैन। विशेषगरी बालबालिका तथा ज्येष्ठ नागरिकलाई यसको बढी जोखिम हुने भएकाले सजग रहनुपर्ने विज्ञको भनाइ छ।

डा श्रेष्ठ भन्नुहुन्छ, "उक्त लक्षणहरू साना बच्चा तथा ज्येष्ठ नागरिकले थाहा पाउन सक्दैनन् त्यसैले सचेत रहनुपर्छ। केही लक्षण देखिहालेमा तुरून्त कोठा बाहेर निस्किने वा झ्याल ढोका खोलिहाल्नुपर्छ।"

धेरै जसो घटना बाथरूममा नुहाउन गएको र लामो समयसम्म बेहोस पछि उद्धार गरिएका छन्। लामो समयसम्म बेहोस हुँदा कतिपय अवस्थामा मृत्यु नभएपनि अक्सिजनको कमीले मष्तिष्कलाई क्षति पुऱ्याइसकेको हुन्छ। अक्सिजनको मात्रा केही मिनेटमात्र पनि दिमागमा प्रवाह भएन भने दिमागमा क्षति पुऱ्याउँछ। त्यस्तो बिरामी बाँचेपनि लामो समयसम्म कोमामा जाने अवस्था रहन्छ। भने बिरामी श्ययामा बसेर जीवन बिताउने बाध्य हुन्छन्। त्यसैले जनचेतना जगाउँन जरूरी भएको डा श्रेष्ठको भनाइ छ।

चिकित्सकहरू ग्याँस, गिजर, हिटर र आगो ताप्दा जहिल्यै पनि हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र प्रयोग गर्न सुझाव दिनुहुन्छ। साथै आगो तापिसकेपछि पूर्ण रूपमा निभेको छ की छैन यकिन गर्ने, कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्ने, आगो ताप्दा वा हिटर बाल्दा छिटो जल्ने चिज जस्तै कागज, कपडा नजिकै राखेर नताप्ने, सुत्नुअघि अनिवार्य रूपमा हिटर निभाउने, गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरेर प्रयोग गर्नुपर्ने उहाँको सुझाव छ।

### स्वास्थ्यकर्मीको.....

सुधार पनि गर्नु जरूरी छ।

स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि अहिले भएका नीति नियम र कानूनहरू परिमार्जन गर्दै थप कडा नियमहरू बनाउनु आवश्यक छ । यस्तो नयाँ नियममा हिंसामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कारबाई गर्ने प्रावधान राख्नु जरूरी छ । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन २०६६ मा आवश्यक संशोधन गरी स्वास्थ्यकर्मी माथि हातपात भएमा तत्काल गैरजमानती गिरफ्तार (जेल विदआउट बेल) गर्ने व्यवस्था प्रभावकारी बनाई लागू गर्नुपर्छ।

नेपालमा कार्यस्थलमा स्वास्थ्यकर्मीहरू माथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ । त्यसैगरी नेपालमा स्वास्थ्यकर्मीहरूविरूद्ध कार्यस्थलमा हुने हिंसा रोक्नका लागि सबै सरोकारवालाहरूले मिलेर काम गर्नु पर्ने देखिन्छ । स्वास्थ्यकर्मीहरूको सुरक्षामा ध्यान नदिए स्वास्थ्य सेवा प्रणालीलाई स्थायित्व दिन, स्वास्थ्यकर्मीहरूको मनोबल उठाउन र समग्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न कठिन हुनेछ । ( बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनमा परामर्शदाता रहनुभएका लेखक स्वास्थ्य सेवा व्यवस्थापनको प्राध्यापक पनि हुनुहुन्छ, रासस)

छोरा छोरीमा
भेदभाव
नगरौं छोरीलाई
पनि स्कुल
पठाऔं ।

### आर्थिक सुधार..

नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल रहनुभएको छ।

गत मंसिर ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोगमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवाललाई थप सदस्यमा राखेको थियो ।

धमाका! धमाका!! धमाका!!!
फोन गर्नुहोस् सेवा लिनुहोस्
मिखा ट्रेडर्स
वीरगंज, पर्सा
ग्याँस चुल्हो सम्बन्धी सम्पूर्ण सामान विकी तथा
मर्मत गरिन्छ ।

०५१-५२८६६२, ०५१-५२०८४१
९८०७२६३०७२,
९८४५०३६७६८


# अन्तराष्ट्रिय समाचार

## सिरियामा असद शासन अन्त्य भएको विद्रोहीको घोषणा

**दमास्कस, २३ मंसिर (रासस/एएफपी):** कुर्दिस नेतृत्वको विद्रोहीले आइतबार दमास्कसमाथि धावा बोलेको र राष्ट्रपति बशर अल असद भागेको दावी गरेको छ। उनीहरूले सिरियामा पाँच दशक लामो बाथ शासनको अन्त्य भएको घोषणा गरेका छन्।

सिरियाको राजधानी दमास्कसमा विद्रोही समूहले राष्ट्रपति असदको बहिर्गमनको घोषणा गर्दै "हामी दमास्कस शहरलाई स्वतन्त्र घोषणा गरेका छौँ" भन्दै सडकमा विजय उत्सव मनाएका देखिन्थे।

दमास्कसबाट एएफपी टिभीले खिचेको तस्बिरमा विद्रोहीहरूले सूर्योदयको समयमा हवाई फाएर गरेका, केहीले विजयको चिन्ह चम्काइरहेको र "अल्लाहु अकबर" वा ईश्वर महान् हुनुहुन्छ भनी चिच्याइरहेको देख्न सकिन्छ।

तस्वीरमा कोही उत्सव मनाउन सेनाका बख्तरबन्द गाडीमाथि चढेका कोही असदका पिता हाफेजको ढलेको शालिकमा सुतेर तस्वीर लिइरहेको देखिएको छ।

दमास्कसका बासिन्दा आमेर बाथाले एएफपीसँग फोनमा भन्नुभयो। "म विश्वास गर्न सक्दिनँ कि म यो क्षणको प्रत्यक्षदर्शी बनिरहेको छु। "हामी यो दिनको लागि लामो समयदेखि पर्खिरहेका थियौं", उहाँले भन्नुभयो, "हामीले सिरियाका लागि नयाँ इतिहास लेख्न सुरू गर्दैछौं।

इस्लामिक हयात तहरीर अल–शाम (एचटीएस) समूहले असद परिवारको पाँच दशकभन्दा लामो शासनलाई चुनौती दिँदै आफनो अभियान सुरू गरेको दुई हप्ता नबित्दै राष्ट्रपतिको कथित बहिर्गमन भएको बताइएको छ।

बाथ शासनमा ५० वर्षको उत्पीडन, १३ वर्षको अपराध र अत्याचार र (जबर्जस्ती) विस्थापनपछि हामी आज यो कालो समयको अन्त्य र सिरियाका लागि नयाँ युगको सुरूवातको घोषणा गर्दछौँ," विद्रोही समूहले टेलिग्राममा भनेका छन्।

सिरियाली प्रधानमन्त्री मोहम्मद अल जलालीले सिरियाली जनताले रोजेको कुनै पनि नेतृत्वसँग सहकार्य गर्न आफू तयार रहेको बताउनुभएको छ।

बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) का प्रमुख रामी अब्देल रहमानले एएफपीसँग भन्नुभयो, राष्ट्रपति असदले दमास्कस अन्तर्राष्ट्रिय विमानस्थल हुँदै सिरिया छोडिसक्नुभएको छ।"

हिजबुल्लाहको नजिकको स्रोतले राष्ट्रपति असदको प्रमुख सहयोगीका लडाकुहरूले दमास्कस वरिपरि आफनो स्थान छोडेको बताएको एएफपीसँग बताएको छ। एचटीएसका अनुसार उनीहरूका लडाकुहरू राजधानीको बाहिरी भागमा रहेको "सेदनायाको जेलमा निरंकुशताको युगको अन्त्य" को घोषणा गरेका थिए। उक्त जेल राष्ट्रपति असदको युगको सबैभन्दा चरम यातना दिने जेलको रूपमा विद्रोहीहरूले हेर्ने गरेका थिए।

यसैबीच अमेरिकी राष्ट्रपति जो बाइडनले सिरियामा भइरहेको "असाधारण घटना"लाई नजिकबाट नियालिरहेको ह्वाइट हाउसले जनाएको छ।

## जेलेन्स्की रुससँग "सम्झौता" गर्न तयार रहेको ट्रम्पको दाबी

**पेरिस, २३ मंसिर (रासस/एएफपी):** अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की रूससँगको युद्ध अन्त्यका लागि "सम्झौता" गर्न इच्छुक रहेको बताउनुभएको छ । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँले जेलेन्स्की र ट्रम्पसँग शनिबार एलिसी प्यालेसमा आयोजना गर्नुभएको त्रिपक्षीय वार्तापछि ट्रम्पको उक्त भनाइ आएको हो।

ट्रम्पले युक्रेनलाई पठाइएको अर्बौं डलरको सैन्य सहायताको खुलेर खिल्ली उडाउँदै आफनो निर्वाचन अभियानका क्रममा आफु राष्ट्रपति निर्वाचित भएमा जिम्मेवारी सम्हालेको २४ घण्टाभित्र नै द्वन्द्व अन्त्य गर्न सक्ने दाबी गर्नुभएको थियो।

ट्रम्पले आफ्नै लगानीमा सञ्चालित सामाजिक सञ्जाल ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ, "जेलेन्स्की र युक्रेन सम्झौता गर्न र युद्ध रोक्न चाहन्छन्।"

उहाँले अगाडि भन्नुभएको छ, "तत्काल युद्धविराम हुनुपर्छ र वार्ता सुरू हुनुपर्छ। धेरैको जीवन यति अनावश्यक रूपमा बर्बाद भइरहेको छ। धेरै परिवारहरू गुमेका छन्। यदि यो जारी रह्यो भने यो धेरै ठूलो क्षति र अझ खराब अवस्थामा परिणत हुन सक्छ।"

त्रिपक्षीय भेटको केही घण्टामा नै अमेरिकी राष्ट्रपति जो बाइडन प्रशासनले युक्रेनका लागि ९८ करोड ८० लाख अमेरिकी डलरको नयाँ सैन्य सहायता प्याकेज घोषणा गरेको छ। पेन्टागनका अनुसार उक्त प्याकेजमा ड्रोन, हिमार्स रकेट लञ्चरका लागि गोलाबारूद, लामो दूरी मार हान्न सक्ने हतियार, ट्याङ्क र बख्तरबन्द गाडीका लागि उपकरण र त्यसका सामान समावेश गरिएको छ।

ट्रम्पले युक्रेनमा आन्तरिक रूपमा अलोकप्रिय सहुलियतसहित शान्तिको लागि दवाब दिनसक्ने चिन्ता छ। जेलेन्स्कीले रूससँग कुनै पनि सम्झौता समतामूलक हुनुपर्नेमा जोड दिनुभएको बताइएको छ।

"हामी सबै शान्ति चाहन्छौं। तर यो हाम्रो लागि धेरै महत्त्वपूर्ण छ शान्ति हामी सबैका हसनुपर्छ र रूस र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन वा अन्य कुनै आक्रमणकारी अब कहिल्यै युक्रेनमा नफर्कने सम्भावनालाई सुनिश्चित गर्नुपर्छ," जेलेन्स्कीले भन्नुभयो।


उहाँले भन्नुभयो, "सबैभन्दा महत्वपूर्ण कुरा न्यायपूर्ण शान्ति र सुरक्षाको प्रत्याभूतिको हो। युद्धविराम वा शान्ति सम्झौताले युक्रेनका लागि बलियो सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ।" जेलेन्स्कीले वार्तालाई "राम्रो र फलदायी" भन्दै ट्रम्पको दृढ सङ्कल्पका लागि धन्यवाद पनि दिनुभएको बताइएको छ।

नोट्रे डेम क्याथेड्रलको पुनः उद्घाटन समारोहमा भाग लिनुभन्दा ठीक अघि ट्रम्पसँगको जेलेन्स्कीको भेट,

बाँकी चौथो पृष्ठमा

सौदागर ट्राभल्सको समय तालिका

| | |
|---|---|
| वीरगंज बाट काठमाण्डौं ८:३० बजे, | वीरगंज बाट गौर ५:५५ बजे, |
| वीरगंज बाट गौर ७:५५ बजे, | वीरगंज बाट जनपुर ५:४० बजे, |
| वीरगंज बाट गौर १२:२० बजे, | वीरगंज बाट गौर २:३५ बजे |



कालो गरुड चराः दाङको घोराही उपमहानगरपालिका-१७ स्थित कर्झाही जलाशयमा देखिएका हिउँद छल्न बेंसी झरेका नेपालको संरक्षित चरा "कालो गरुड" । तस्बिरः कुलदीप न्यौपाने/ रासस

# खानेपानी र सरसफाई स्वास्थ्य, शिक्षा र आर्थिक उन्नतिको आधार – मन्त्री यादव

**काठमाडौं, २३ मंसिर (रासस) :**

खानेपानीमन्त्री प्रदीप यादवले सुरक्षित पानी आपूर्ती र सरसफाइ नागरिकको स्वास्थ्य, शिक्षा र आर्थिक उन्नतीको आधार भएको बताउनुभएको छ।

आइतवार राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासङ्घको छैटौँ साधारणसभामा उहाँले नेपालको सामाजिक–आर्थिक विकासमा खानेपानी र सरसफाई क्षेत्रले देशमा निकै ठूलो महत्त्व राख्नुका साथै आर्थिक उन्नतिको जग निर्माण गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपालको सामाजिक–आर्थिक विकासमा खानेपानी र सरसफाई क्षेत्रको महत्त्व हामी सबैलाई अवगत छ। सुरक्षित पानी आपूर्ति र सरसफाईले नागरिकको स्वास्थ्य, शिक्षा र आर्थिक उन्नतिको जग निर्माण गर्दछ।"

मन्त्री यादवले लाखौं नागरिकलाई गुणस्तरीय खानेपानी सेवा र सरसफाई सुविधा उपलब्ध गराउन महासङ्घले खेलेको भूमिकाले देशभर एउटा सकारात्मक उदाहरण प्रस्तुत गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "महासङ्घले छोटो समयमा पुऱ्याएको



योगदान सह्रानीय छ। लाखौं नागरिकलाई गुणस्तरीय खानेपानी सेवा र सरसफाई सुविधा उपलब्ध गराउन महासङ्घले खेलेको भूमिकाले देशभर एउटा सकारात्मक उदाहरण प्रस्तुत गरेको छ।"

ठूला नदीलाई पानीको स्रोत बनाउँदै थोक वितरण प्रणाली, खानेपानीको मुहानको दीर्घकालीन संरक्षण र चुरे क्षेत्रमा पानी रिचार्ज गर्ने योजना तर्जुमा गर्न आवश्यक भएकाले यसमा इसिमोडजस्ता प्राज्ञिक संस्थाका अध्ययन र सुझावहरू हाम्रो कार्ययोजनाको महत्त्वपूर्ण आधार बन्न सक्ने मन्त्री यादवको भनाइ छ। "पम्पिङ प्रणालीको बढ्दो लागतलाई सम्बोधन गर्न विद्युत महसुल छुटको कार्यविधि तयारी भइरहेको छ", उहाँले भन्नुभयो।

खानेपानी तथा सरसफाई ऐन, २०७९ ले खानेपानी मन्त्रालयको अधिकारलाई स्पष्ट रूपमा परिभाषित गरेकाले यसको कार्यान्वयनले नागरिकको जीवनस्तरमा सुधार ल्याउन उल्लेखनीय भूमिका खेल्ने मन्त्री यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "मन्त्रालय र महासङ्घबीचको निरन्तर संवाद र सहकार्यले खानेपानी र सरसफाई क्षेत्रमा नयाँ योजना लागू गर्न थप गति दिनेछ। आजको यो सभा र अधिवेशनले नागरिकका आधारभूत आवश्यकता पूरा गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न सशक्त योगदान पुयाउनेछ भन्नेमा म विश्वस्त छु।"

साना शहरी समुदायमा खानेपानी सेवा पुऱ्याउन सहलगानी मोडेल प्रभावकारी भएपनि जनताको योगदानमा देखिएको चुनौतीलाई दृष्टिगत गर्दै सहलगानीको प्रतिशत घटाएर १५ प्रतिशतसम्म सीमित गर्ने नीतिगत सुधारको काम गरिरहेको उहाँको भनाइ छ।

# खेल समाचार

## एनपिएलः चितवनले सुदूरपश्चिमलाई हरायो

**काठमाडौं, २३ मंसिर/रासस**

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा चितवन राइनोजले सुदूरपश्चिम रोयल्सलाई ३३ रनले पराजित गरेको छ। प्रतियोगितामा सुदुरपश्चिमको यो पहिलो हार हो। यसअघि सुदूरपश्चिमले विराटनगर किङ्स, काठमाडौं गुर्खाज र लुम्बिनी लायन्सलाई पराजित गरेको थियो।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा आज भएको खेलमा चितवन राइनोजले दिएको एक सय ६५ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउदै एक सय ३१ रनमा समेटियो।

सुदूरपश्चिमका लागि इशान पाण्डेले सर्वाधिक ३५ रन जाडे। उनले १९ बलमा चार चौका र एक छक्का प्रहार गरे। त्यस्तै सेफ जेबले ११ बलमा १८ रन जोडे भने विनोद भण्डारीले १०, दिलप्रित बाज्वाले १२ तथा नरेन साउदले १० रन बनाए।

चितवनका लागि कप्तान कुशल मल्ल, जान निकोल लफ्टी इटन र अमरसिंह राउटेलाले समान दुई विकेट लिए भने रिजन ढकाल र रञ्जित कुमालले समान एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ६४ रनको योगफल तयार गरेको थियो। चितवनका लागि ओपनर हसन इसाखिलले ५२ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै ६५ रन बनाए। त्यसैगरी रवि बोपारा १८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन बनाए भने कप्तान कुशल मल्लले १६ बलमा १३ रन जोडे। विपीन रावलले १७ रन बनाए।

सुदूरपश्चिमका लागि स्कट कुगेलेनले दुई विकेट लिए भने सेफ जेब, दीपेन्द्रसिंह ऐरी र ब्रेन्डन मक्मलनले समान एक विकेट लिए।

यससँगै चितवनले आफ्नो चौथो खेलमा तेस्रो जित हात पारेको हो। शुरूवाती दुई खेल जितेको चितवन पछिल्लो खेलमा पराजित भएको थियो। काठमाडौं र पोखरालाई पराजित गरेको चितवन कर्णालीसँग भने पराजित भएको थियो।

## महासङ्घ निर्वाचन : शर्मा नेतृत्वको प्यानल घोषणा

काठमाडौं, २३ मंसिर (रासस)

नेपाल पत्रकार महासङ्घको निर्वाचनका लागि निर्मला शर्माको नेतृत्वमा नयाँ प्यानल घोषणा गरिएको छ। काठमाडौंमा एक कार्यक्रमबीच आज शर्माको नेतृत्वमा प्यानल घोषणा गरिएको हो।

शर्मा नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालका साझा उम्मेदवार हुनुहुन्छ। शर्माको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा दीपक आचार्य, महिला उपाध्यक्षमा नितु पण्डित, समावेशी उपाध्यक्षमा उमिदप्रसाद बागचन्द र महासचिवमा रामप्रसाद दाहालले उम्मेदवारी दिनुभएको छ।

यस्तै, खुल्ला सचिवमा रमेश खतिवडा, महिला सचिवमा सोनी शर्मा, आदीवासी जनजाति सचिवमा सविन प्रियासन, मधेसी सचिवमा अशोककुमार तिवारी, दलित सचिवमा प्रकाश धौलाकोटी, एसोसिएट सचिवमा बैकुण्ठराज पराजुली र कोषाध्यक्षमा रामकृष्ण ज्ञवालीले उम्मेदवारी दिनुभएको हो।

अध्यक्ष पदका उम्मेदवार शर्माले नेपाली पत्रकारिता र मिडिया उद्योगले भोगिरहेका समस्या समाधान गर्दै पत्रकारिताको बृहत्तर हित र विकासका लागि नीतिगत नेतृत्व तथा व्यावहारिक सक्रियताका साथ महासङ्घको समग्र दायित्व पूरा गर्ने प्रतिबद्धतासमेत जनाउनुभएको छ।

# तीन छात्र मिलेर इभी ट्र्याक्टर बनाए

**सर्लाही, २३ मंसिर (रासस)।**

कक्षा ११ र १२ पढ्दै गरेका तीन छात्रले मिलेर विद्युतीय ट्र्याक्टर निर्माण गरेका छन्। लालबन्दी नगरपालिका–९ बस्तीपुरस्थित आइडियल कोएड एकेडेमीका छात्रले विद्युतीय ट्र्याक्टर निर्माण गरेका हुन्।

विद्यालयको १२ कक्षामा अध्ययनरत पल्लव कौशिक, नवराज बस्नेत र आशिष महतोले विद्यालयको सहयोगमा ब्याट्रीबाट चल्ने ट्र्याक्टर निर्माण गरेका प्रधानाध्यापक राजु पञ्जियारले जानकारी दिनुभयो। उक्त ट्र्याक्टरबाट साना किसानले खेतीपातीमा राम्रो सुविधा लिन सक्ने विद्यालयका विज्ञान शिक्षक सविन चौधरीको भनाइ छ। उक्त इभी ट्र्याक्टरमा १२ भोल्टेज एक सय ५० एम्पिएरको चारवटा ब्याट्री प्रयोग गरिएको इलेक्ट्रिक पाटो सम्हालेका छात्र आशिष चौधरीले बताए। तीन पाङ्ग्रे ट्र्याक्टरमा सामान बोक्ने ट्रली र खेत

*बाँकी तेश्रो पृष्ठमा*

## जेलेन्स्की रूससँग .........

अमेरिकी चुनावमा विजय हासिल गरेपछि विश्वका धनाड्यबाट राजनीतिज्ञ बनेका ट्रम्पसँगको पहिलो प्रत्यक्ष भेट थियो। छलफलप्रति आफ्नो प्रतिक्रियामा म्याक्रोँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "शान्ति र सुरक्षाका लागि संयुक्त प्रयास जारी राखौँ।"

मध्यपूर्वको सङ्कटमा युरोपेली मित्रराष्ट्रहरूले बाइडेनसँग घनिष्ठ सम्बन्ध कायम गरेका छन्, तर ट्रम्पले सहयोगी पश्चिमा राष्ट्र र संयुक्त राज्य अमेरिकालाई अझ टाढा र इजरायललाई नजिकबाट राख्ने सम्भावना छ।

## गढीमाईमा ५ हजार रांगाको बलि दिइएको अनुमान

**सहारा संवाददाता**
**वीरगंज, २३ मंसिर।**



पञ्चवर्षीय ऐतिहासिक गढीमाई आइतवार ५ हजार रांगाको बलि दिइएको जनाइएको छ।

मेला समिति अनुसार यस वर्ष रांगाको बलीको संख्या घटेको जनाएको छ। भारत सरकारले भारतबाट आउने दर्शनार्थी र तिर्थालुलाई बलीका लागि ल्याइएका पशुपंक्षी प्रवेश गर्न नदिएपछि रांगाको संख्या घटेको मेला समितिले जनाएको छ। पर्सा, बारा, रौतहट लगायतका सीमा नाकामा भारतीय एसएसबीले बलीका लागि ल्याइएका पशुपंक्षि नियन्त्रणमा लिएको थियो।

सोमवारदेखि गढीमाईमा बोका, खसी, हाँस, कुखुरा, परेवा लगायतको बली दिइने बताइएको छ।

